नेपाल सरकार
शिक्षा मन्त्रालय
# विद्यालय शिक्षक किताबखाना
म्युजियम मार्ग, छाउनी, काठमाडौं ।
☎ ४६७२८२२, ४२८३०२३, ४६७०७८७
फ्याक्स ४२८४१००

प.सं. ०७३/७४
च.नं. ३२५३

मिति : २०७३।१२।२

विषय :- **विरामी विदा सम्वन्धमा ।**

श्री जिल्ला शिक्षा कार्यालय
सवै ।

शिक्षा नियमावली २०५९ शिक्षा (आठौं संशोधन), नियमावली, २०७१ नियम परिच्छेद १९ बिदा तथा काज सम्बन्धी व्यवस्था नियम १०६ मा शिक्षकले पाउने विदा वारे व्यवस्था गरिएको छ । कितावखानामा शिक्षकको विदा अधिलेख सम्बन्धमा केही असहजता देखियो । विद्यालयको अभिलेखमा विरामी विदा सञ्चित नहुने तर सिफारिस भई आएको जिल्ला शिक्षा कार्यालयको पत्रमा नोकरी वर्ष गुणन वार्षिक १२ दिनका दरले विदाको विवरण प्राप्त हुने सोही आधारमा विदाको रकम भुक्तानी हुँदा भुक्तानी लिएका शिक्षकले पछि फिर्ता गर्ने तनहुको उदाहरण, पहिले धेरै विरामी विदा सञ्चित छ भनि लेखि पठाउने पछि सो प्रमाणित नहुने अनि विदा शून्य भएको भनि एकै जिशिका बाट दुई खाले पत्र पठाउने डोल्पाको उदाहरण यहाँ अभिलिखित भई सकेको छ ।

अस्थायी शिक्षक स्थायी भई पदस्थापन भएपछि अस्थायी अवधिको विदा स्थायी हैसियतमा लिन पाएको अवस्था समेत रहेको पाईयो । यसबाट विदा हिसावमा समस्या बेहोर्नु परेको वस्तुस्थिति रहेको छ ।

यस अवस्थामा अस्थायी देहाय अनुसार स्पष्ट पारिएकोले सोही अनुसार हुन मिति २०७३।१२।२ को निर्णयानुसार अनुरोध गरिन्छ ।

विदा प्रयोजनका लागि अस्थायी शिक्षक भन्नाले-

१) तत्कालिन अवस्थामा जिल्ला शिक्षा कार्यालयबाट रिक्त दरवन्दीमा अस्थायी नियुक्ति गरी पठाई सोही पदमा काम गरेको अवधि,
२) विद्यालयले रिक्त पदमा अस्थायी नियुक्ति गरेको तत्कालिन अवस्थामा जिल्ला शिक्षा कार्यालयले अनुमोदन गरी काम गरेको अवधी,
३) विद्यालयले नियुक्त गरेको तत्कालिन अवस्थामा जिल्ला शिक्षा कार्यालयले दरवन्दीमा रहेको भनि तलव सुविधा निकासा भई काम गरेको अवधि ।

यसरी <u>अस्थायी काम गरेका शिक्षकको स्थायी भएपछि अस्थायी अवधिको विरामी विदा प्रयोग गर्न नपाउने</u> ।

तर, यसरी सञ्चित विदाको सदुपयोग देहाय अनुसार हुने ।

१) एक तहमा अध्यापन गरी विरामी विदा सञ्चित गरेको, सोही पदमा स्थायी भए त्यस्तो विदा सञ्चित रहने, सेवा निवृत्त हुँदा सञ्चित विरामी विदाको रकम सोही अवधिको दरमा भुक्तानी पाउने ।
२) एक तहमा अध्यापन गरेको अर्को तहमा स्थायी भएका शिक्षकको विरामी विदा प्रमाणित गरी ल्याएपछि सो अवधिको अस्थायी विरामी विदाको रकम प्रचलित स्केल अनुसार पाउने । यस्तो रकम प्रमाणका अधारमा जहिले पनि एक पटक पाउने ।

(हस्ताक्षर)
...रबहादुर ढुङ्गाना
...निर्देशक